# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation*
# *and*
# *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री भोटेकोशी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बाग्मती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: ०७६।७७
च.नं.८१९ मितिः २०७७/०३/२५
श्री प्रमुखज्यू,
भोटेकोशी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले भोटेकोशी गाउँपालिकाको २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित आयब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्तभएको २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.७७ लाख ३७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४८ लाख ७५ हजार नियमित गर्नुपर्ने रु. २४ लाख ८६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएकाव्यहोराहरुका सम्बन्धमामिति २०७६।०६।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वकोविकास गर्दै स्थानीय शासनपद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँ पालिकाको उद्देश्य रहेको छ । यस पालिका अर्न्तगत ५वडा, २९ जना गाउँसभा सदस्य, २७८.३१वर्ग किलोमिटर क्षेत्रफल तथा १७,१५६ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

## भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक
## एकीकृत आय व्यय विवरण, आ.व.२०७५/७६

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४०,०९६,०२९.१४ | १ | **चालु खर्च** | | १५२,२३२,५४०.३९ |
| | क) नगद | ०.०० | | | आन्तरिक आय | १,३९७,१३९.५७ | |
| | ख) बैंक | ४०,०९६,०२९.१४ | | | समानीकरण अनुदान | ५०,२६०,६०५.०२ | |
| | धरौटी आय | ०.०० | | | सशर्त अनुदान | १००,५७४,७९५.८० | |
| | विभिन्न कोषतर्फको मौज्दात | ०.०० | | २ | **पूँजीगत खर्च** | | १२९,३३३,३४२.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ८६,२०४,९२८.४७ | | आन्तरिक आय | ४,८४२,२५८.०० | |
| | क) आन्तरिक राजस्व | २,४४८,४९८.६३ | | | समानीकरण अनुदान | ११३,३६९,४३२.०० | |
| | ख) राजस्व बाँडफाँड संघ | ५७,५७२,६३६.८४ | | | सशर्त अनुदान | ११,१२१,६५२.०० | |
| | ख) राजस्व बाँडफाँड प्रदेश | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| | ग) अन्य आय | २६,१८३,७९३.०० | | | क) ऋण भुक्तानी | ०.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | १८६,१४०,०००.०० | | ख) ब्याज भुक्तानी | ०.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | १०३,१००,०००.०० | | | ग) अन्य भुक्तानी | ०.०० | |
| | ख) सशर्त अनुदान | ८३,०४०,०००.०० | | ४ | **लगानी** | | ०.०० |
| | ग) समपूरक अनुदान | ०.०० | | | ऋण लगानी | ०.०० | |
| | घ) विशेष अनुदान | ०.०० | | | शेयर लगानी | ०.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २०,२५३,०००.०० | | अन्य लगानी | ०.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | ७,६६३,०००.०० | | ५ | **धरौटी फिर्ता** | ६२५,०००.०० | ६२५,०००.०० |
| | ख) सशर्त अनुदान | १२,५९०,०००.०० | | ६ | **कोष खर्च** | १५०,०००.०० | १५०,०००.०० |
| | ग) समपूरक अनुदान | | | ७ | सर्शतको निकासा को.ले.नि.का फिर्ता | १४,०२१,७८८.२० | १४,०२१,७८८.२० |
| | घ) विशेष अनुदान | ०.०० | | ८ | **मौज्दात** | | ८६,३९०,४४४.०२ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | क) नगद मौज्दात | ०.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ०.०० | | ख) बैंक मौज्दात ( अनुदान) | ८२,८९५,७१९.०२ | |
| | क) ऋण प्राप्ति | ०.०० | | | घ) धरौटीको बैक मौज्दात | १४४,७२५.०० | |
| | ख) साँवा प्राप्ति | ०.०० | | | ङ) प्रकोप, मर्मत र कर्मचारी कल्याणकोष बैक मौज्दात | ३,३५०,०००.०० | |
| | ग) ब्याज प्राप्ति | ०.०० | | | | | |
| 7 | कोषमा आम्दानी | ३,५००,०००.०० | ३,५००,०००.०० | | | | |
| ७ | **लागत सहभागिता** | १०,०००,०००.०० | १०,०००,०००.०० | | | | |
| ८ | **सडक बोर्ड** | ४९६,४३२.०० | ४९६,४३२.०० | | | | |
| ९ | **स्थानीय तह क्षमता** | ३०५,०००.०० | ३०५,०००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास. | | | | | | |
| १० | सामाजिक सुरक्षा | २९,८१६,०००.०० | २९,८१६,०००.०० | | | | |
| ११ | पूर्वाधार विकास | २,०००,०००.०० | २,०००,०००.०० | | | | |
| १२ | स्थानीय पूर्वाधार साझेदारी | ०.०० | ०.०० | | | | |
| १३ | ग्रामिण महिला सिर्जनशील | ६०,०००.०० | ६०,०००.०० | | | | |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३,११२,०००.०० | ३,११२,०००.०० | | | | |
| १५ | धरौटी आय | ७६९,७२५.०० | ७६९,७२५.०० | | | ०.०० | ०.०० |
| | **जम्मा** | ३८२,७५३,११४.६१ | ३८२,७५३,११४.६१ | | | ३८२,७५३,११४.६१ | ३८२,७५३,११४.६१ |

**कार्यालयः** **भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **असुलीः** लेखापरीक्षणको क्रममा रु १,०७,३५५।०० असुल भई दाखिला भएको छ। | |
| १. | **वित्तीय विवरण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकलेप्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। साथैगाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्नेमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>● तोकिएको अवधिमा पूँजीगत र चालु खर्च खाता फ्रिज नगरी पछिल्लो आ.ब. मा समेत खर्च लेखी २०७६/५/१७ मा मात्र फ्रिज गरेको ।<br>● बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| २. | **लेखा ढाँचाको प्रयोग**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ। त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS)बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ। उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| ३. | **आय व्याय विवरण :**गाउँपालिकाको आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ ।साथै गाउँपालिकाको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणमा पेश हुन आएको एकीकृत आय र व्ययको विवरण अनुसार गाउँपालिकाको यसवर्षको आम्दानी रु.३७८,४८३,३८९.६१, खर्च रु.२९५,५८७,६७०.५९ तथा बैंक मौज्दात रु.८२,८९५,७१९.०२ रहेको छ । गाउँपालिकाले बैक समायोजन विवरण तयार गरी आषाढ मसान्तको आम्दानी, खर्च र बाँकी हिसाव नदेखाई विभिन्न मितिमा फ्रिज गरेको रकम, आषाढ मसान्त पछि भुक्तानी भएका रकमहरु समेत गणना गरी हिसाव तयार गरेको छ । यसले गर्दा आषाढ मसानन्तको बैक मौज्दात र आय व्यय विवरणले देखाएको बैक मौज्दात एक आपसमा भिडान हुन सकेका छैनन । आषाढ मसान्तको श्रेस्ताले देखाएको मौज्दात र बैक मौज्दात बैक समायोजन विवरण तयार गरी मौज्दात भिडान गरी आय व्यय विवरण यथार्थ परक वनाउनु पर्दछ । | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालीकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम,कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।गाउँपालिकाले उपाध्यक्षको संयोजकत्जमा उक्त समिति गठन गरेको छ । | |
| ५. | **श्रोतअनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम | |

**कार्यालय: भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नलगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सीमा समिति गठनको व्यवस्था छ । गाउँपालिकाद्वारा गठित समितिले ३४,१३,५४,०००।०० को बजेट सीमा निर्धारण गरेकोमा सोही सीमा भित्र रही बजेट स्वीकृत गरेको देखियो । | |
| ६. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको उपप्रमुख ले मिति २०७५/०३/९ मागाउँसभा समक्ष रु.३४,१३,५४,०००।०० बजेट पेश गर्नु भएकोमा गाउँसभाबाट मिति २०७५/३/२५ मा बजेट पारित भएको देखिएकोले समयमै बजेट पारित भएको देखियो । | |
| ७. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/१० मा गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२३३००० | २०९५२८५ | २.४९ |
| २ | पुर्वाधार विकास | ७०५८७००० | ६७०२६४३२ | ७९.५५ |
| ३ | सामाजिक विकास | ११५७०००० | ८५२८६५१ | १०.१२ |
| ४ | वातावरण र विपद व्यवस्थापन | ३६१०००० | २९१४१९२ | ३.४६ |
| ५ | संस्थागत विकास, सेवाप्रवाह र सुशासन | ९९४४००० | ३६९००८२ | ४.३८ |
| | **जम्मा** | **९९९४४०००** | **८४२५४६४२** | **१००** |

उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ७९.५५ प्रतिशत, सामाजिक विकासमा १०.१२ प्रतिशत रसस्थागत विकास तथा सुशासनमा ४.३८ प्रतिशत रहेको छ। आर्थिक विकास तर्फ २.४९ प्रतिशत मात्र रहेको देखियो ।

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ८. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति:**गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | २७७०००००० | २६८६९००० | ३१.४८ |
| २ | खानेपानी | १८५०००० | १७९४५०० | २.१० |
| ३ | सिंचाई | ० | ० | ०.०० |
| ४ | भु-क्षय, बन, बातावरण, विपद व्यवस्थापन | ३६१०००० | २९१४१९२ | ३.४१ |
| ५ | विद्यालय भवन तथा शौचालय निर्माण | २९२०००० | २८३२४०० | ३.३२ |
| ६ | खेलमैदान | ४१७००० | ४०४४९० | ०.४७ |
| ७ | झोलुङ्गे पुल | ८००००० | ७७६००० | ०.९१ |
| ८ | अन्य | ६२६४७००० | ४९७६४७९९ | ५८.३० |
| | **जम्मा** | ९९९४४००० | ८५३५५३८१ | **१००** |

उपर्युक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाटसार्वजनिक सडक निर्माण, विद्यालय भवन निर्माण, खानेपानी योजना रभुक्षय नियन्त्रणमा क्रमशः ३१.४८%, ३.३२%, २.१०%, र ३.४१% बजेट व्यवस्था गरी खर्च गरेको छ ।

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ९. | **अवण्डा रकम :** गाउँपालिकाले यस बर्ष अध्यक्षको कोष शीर्षकमा रु.३,२९,६१,०००।०० अवण्डा राखी विभिन्न समयमा सडक, लागत सहभागिताको योजना, भोलुङ्गेपुल, गुम्वा मर्मत स्वास्थ्य | |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | चौकी निर्माण लगायतका सँरचना निर्माणमा रु. ३,२९,६०,७०६।०० खर्च गरेको छ । सो खर्च रकम गाउँसभाले स्वीकृत गरेको भए तापनि यसरी अवण्डा राखी पछि कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले बजेट अनुशासन पारदर्शिता र वित्तीय जवाफदेहितामा चुनौती सिर्जना गर्न सक्ने भएकोले अवण्डा राखी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०. | **वित्तीय प्रगतिको स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ११. | **आन्तरिक लेखापरीक्षण :**स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, जितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रे आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।तर गाउँपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १२. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>• गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको ।<br>• गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नगरेको ।<br>• गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको संरक्षण अवस्था प्रभावकारी नरहेको ।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो नगरेको ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग नगरेको ।<br>• विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार नगरेको ।<br>• मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु | |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

अभिलेख अद्यावधिक नगरेको ।

तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

१३. **आय व्ययको चौमासिक विवरणः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय सरकारले आफ्नो आय व्ययको विवरण चौमासिक रुपमा संघीय सरकारलाई पेश गर्नु पर्ने व्यवस्था छ । सो अनुसार यस गाउँपालिकाले आफ्नो आय व्ययको विवरण सघीय सरकारलाई चौमासिक रुपमा पेश गरेको देखिएन ।

१४. **वडा सचिवको पदपूर्ति :** गाउँगाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ५ वटा वडा सचिव मध्ये ३ जनाको पदपूर्ति भई २ जनाको दरबन्दी रिक्त रहेको छ ।

१५. **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँगाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिमा गत वर्षको फछ्र्यौट हुन बाँकी ५ विवाद समेत जम्मा २० उजुरी दर्ता भएकोमा ६ वटा उजुरी मात्र किनारा लगाएको देखियो । समयमै यस्ता उजुरीहरु माथि कारवाही गरी न्याय सम्पादन कार्यमा प्रभावकारीता ल्याउनु पर्दछ ।

१६. **चौमासिक खर्च :** गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूजीगत खर्च | १२९३३३३४२ | २४११०५५० | २२९१९८८२ | ८२३०२९१० | ५१४६६५८८ |
| २ | चालु खर्च | १४८८८१८३८ | ३६२८९३८३ | २८९७५४३३ | ८३६१७०२३ | ५४२९५५५४ |
| **जम्मा** | | **२७८२१५१८०** | **६०३९९९३३** | **५१८९५३१५** | **१६५९१९९३३** | **१०५७६२१४२** |
| **प्रतिशत** | | **१००** | **२१.७२** | **१८.६५** | **५९.६३** | **३०.०१** |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ५९.६३ प्रतिशत र आषाढ महिनामा मात्र ३०.०१ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

१७. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका पदाधिकारी तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मिति देखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.४१,७४,००।०० सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | गा.पा.अध्यक्ष | उप प्रमूख | वडा अध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभा सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| बार्षिक सुविधा | ३६०००० | ३००००० | १२००००० | ८७६००० | ११५२००० | ३८८८००० |
| सञ्चार सुविधा (वार्षिक) | १८००० | १२००० | ४८००० | ० | ० | ७८००० |
| चाडबाड खर्च | ३०००० | २५००० | १००००० | ३६००० | ८०००० | २७१००० |

**कार्यालयः** **भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | | | | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | **वार्षिक कुल जम्मा** | ४०८००० | ३३७००० | १३४८००० | ९१२००० | १२३२००० | ४२३७००० | |
| १८. | **पदाधिकारीको चाडपर्व खर्चः** प्रदेश नं. ३अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ मा तोकिएको सुविधा पाउने उल्लेख छ । उक्त ऐनमा पदाधिकारीको चाडपर्व खर्च सम्वन्धमा व्यवस्था गरेको छैन । गाउँपालिकाले ऐनमा व्यवस्था नभए तापनि २९ जना पदाधिकारीलाई रु.२,७१,०००।०० चाडपर्व खर्च भुक्तानी दिएको देखियो । ऐन विपरित चाडपर्व खर्च भुक्तानी दिएको रकम असुल हुनु पर्दछ रु...... | | | | | | | २,७१,०००/- |
| १९. | **वडा कार्यालयबाट भएको खर्च :** गाउँपालिकाले प्रत्येक वडा कार्यालयलाई वार्षिक रु ६,००,०००।०० दरले जम्मा रु३०,००,०००।०० भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाउँपालिकाकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | | | | | | | |
| २०. | **भ्रमण खर्च :** प्रदेश नं. ३अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>● भ्रमण आदेशमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन खुलाउने नगरेकोले कार्यालयकै कामका लागि भ्रमण भएको हो भनी सुनिश्चित हुने आधार देखिदैन ।<br>● भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य खुलाई भ्रमण आदेश प्रदान गर्ने र प्रतिवेदन समेत लिई भ्रमण खर्च भुक्तानी दिने व्यवस्थाको पालना र भ्रमण खर्चमा हुन सक्ने अपव्यय नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | | | | | | | |
| २१. | **प्रोत्साहन भत्ता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । स्थानीय तहका कर्मचारीको तलब भत्ता सम्बन्धमा प्रदेश सरकारले छुट्टै व्यवस्था नगरेको अवस्थामा गाउँपालिकामा कार्यरत २६ कर्मचारीलाई मासिक रु. ३,००० देखी रु ९,१५० सम्म गरी जम्मा रु.१५,२८,६०६।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । उक्त सुविधा संघीय तथा प्रदेश कानुनको सिद्धान्त अनुसार नदेखिएको रु. | | | | | | | १५,२८,६०६/- |
| २२. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तरगाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी कार्यपालिकाको पटक पटकको निर्णयबाट रु.१०,०००।०० को दरले २४ जना लाई जम्मा रु २,४०,०००।००र एक जनालाई रु १५,०००।०० समेत जम्मा रु. २,५५,०००।०० आर्थिक सहायता वितरण गरेको छ । कार्यपालिकाको निर्णय बाट भएको उक्त खर्च गाउँसभाको २०७५/३/२५ को निर्णय अनुसार अनुमोदन भएको छ । आवश्यक कानून तथा कार्यविधि तयार गरी सो अनुसार आर्थिक सहयोग उपलब्ध गराउने तर्फ कार्यपालिकाले ध्यान दिनु पर्दछ । | | | | | | | |
| २३. | **सम्भाव्यता अध्ययन नभएको** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(छ) मा | | | | | | | |

**कार्यालय:** **भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले तयार गरेका बार्षिक योजनाका सम्भाव्यता अध्ययन नभएको र योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले कार्य नभएको देखिन्छ । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उदेश्य प्राप्तीको लागि योजनाको सम्भाव्यता अध्ययन गराएर अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | |
| २४. | **सेवा प्रवाह :** गाउँपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त जानकारीअनुसार यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १ | जन्म दर्ता | ६१३ |
| २ | मृत्यू दर्ता | १४९ |
| ३ | बसाईंसराईं दर्ता | ३३ |
| ४ | बिबाह दर्ता | १६५ |
| ५ | सम्बन्धविच्छेद दर्ता | ६ |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | उपलव्ध नभएको |
| ७ | नागरीकता सिफारिस | |
| ८ | अन्य सिफारीस | |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९ | सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.) | |
| १० | सडक मर्मत सम्भार (कि.मि.) | |
| ११ | नयाँ ट्रयाक खोलिएको (कि.मि) | |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २५. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ३ लाख सम्मका | रु. ३ देखि ४ लाख सम्मका | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २५ | ३० | २० | ८ | १६ | २६ | ७ | १३२ |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | उपर्युक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.३५,००० हजार देखि रु.१ करोड ९५लाखसम्मका जम्मा १३२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ९९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी समेत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने भएकोले योजना छनौट सम्वन्धमा ध्यान दिनु पर्दछ । | |
| २६. | **उपभोक्ता समितिबाट भएको कार्य:** यो वर्ष गाउँपालिकाले विभिन्न १२८ योजनाहरु उपभोक्ता मार्फत कार्यान्वयन गरी रु.११,८२,११,६९०.०० विभिन्न उपभोक्ता समिति हरुलाई भुक्तानी | |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | दिएको देखिन्छ । उपभोक्ता समिति मार्फत गराएको कामको सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् : | |
| २६.१. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिंदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २६.२. | **लागत सहभागिता** – गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ ।  गाउँपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न १२८ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा रु. ११,८२,११,६९०.०० खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २६.३. | **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै  गाउँपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख भए/नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| २६.४. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिकाले अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| २६.५. | **निर्माण कार्यको गुणस्तर–** गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |

**कार्यालय: भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २६.६. | **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| २७. | **अनुत्पादक क्षेत्रमा लगानी :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष छनौट गरेका पूर्वाधार योजनामध्ये केही त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार खर्च भएको छ । | |

| गो. भौ नं/मिति | विवरण | रकम |
|---|---|---|
| १७/२०७६/३११ | तातोपानी डाँडा सब अन्त्येष्टि गृह | ४,८५,०००.०० |
| १८/२०७६/३/११ | कपिलेश्वर महादेव मन्दिर निर्माण | ४,८५,०००.०० |
| २२/२०७६/३/११ | टसी छोलिङ्ग गुम्बा | ४,४१,०३९.०० |
| २१/२०७६/२/१४ | लिस्ती नेवार गुठीघर | ३,३९,५००.०० |
| २४/२०७६/२/१६ | लिस्ती गुम्बा करच्युङ्ग मर्मत | ७,०४,२३८.०० |
| ३०/२०७६/३/११ | धारापानी उकेन छोलिङ्ग गुम्बा | ९,७०,०००.०० |
| ३/२०७६/१/१७ | थामी जाति सामुदायिक भवन | ५,६९,५५८.०० |
| ४६/२०७६/२/१९ | थाङसिङ छ्मोलिङ गुम्बा | ४,८५,०००.०० |
| २५/२०७६/३/४ | टासी छोलिङ गुम्बा | ७,७६,०००.०० |
| २५ख/२०७६/२/२९ | दुगुना सामुदायिक भवन | ६,७९,०००.०० |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पालिकाले योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । | |
| २८. | **सम्झौता विपरित कार्य :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । स्वीकृत लागत अनुमान/डिजाइन अनुसार चाकु मार्मिङ मोटरबाटो एक्साभेशनको कार्य परिमाण ९२८६.६७ घ.मी. रहेकोमा १७,९४४.८२ घ.मी. अर्थात ९३.२३ प्रतिशत (८,६५८.१५घ.मी.) बढी परिमाणको रकम उपभोक्ता समितिलई भुक्तानी गरेकोमा सो कार्यको चेनेजवाइज विस्तृत नापी शीट तथा क्रस सेक्शन ड्रइङ्ग र उपभोक्ता समितिलाई अन्य कार्य हटाई एक्जाभेसनकार्य गराउन कार्यालयले दिएको भेरिएशन आदेश संलग्न गरेको पाइएन । अतः यसरी अस्वाभाविक रुपमा एक्साभेशन परिमाण बढ्नुका कारण तथा प्राविधिक पुष्ट्याइँ सहित विस्तृत नापी शीट तथा क्रस सेक्शन ड्रइङ्ग शीट तथा भेरिएशन आदेश पेश हुनुपर्ने रु. | २९,१०,०००/- |
| | **ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)** | |
| | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले रु.८,२२,७२,०००/०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :- | |
| २९. | **कार्यविधिको पालना:**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण नगरेको, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको, दफा ९ अनुसार सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन नगरेको स्थिति देखिएकोछ । कार्यविधिको पूर्ण पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ । | |

**कार्यालयः भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३०. | **बैङ्किङ सेवाको प्रयोगः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ४३ अनुसार सामाजिक सुरक्षा भत्ता बापतको रकम बैंकबाट वितरण गर्ने व्यवस्था मिलाईने र यस प्रयोजनको लागी अर्थ मन्त्रालयको सहमतिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै स्थानीय तहको लागी कुनै एक वा अलग अलग बैंकलाई यस सम्वन्धी कार्यको जिम्मेवारी प्रदान गर्न सक्ने व्यवस्था छ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गरिनुपर्ने व्यवस्था छ । २०७६ आषाढ मसान्तसम्म गाउँपालिकाले बैंक मार्फत भत्ता वितरण गरेको देखिएन । गाउँपालिकामा बैंङ्किङ सुविधा उपलव्ध भएतापनि विभन्न वडाहरुमा पहुँच सहज नभएको कारणले बैंक मार्फत भत्ता वितरण हुन नसकेको कार्यालयको भनाई रहेको छ । बैंक सुविधा नपुगेको ठाउहरुमा बैंक स्थापना गरी बैंक मार्फत भत्ता वितरण गर्ने र उपलव्ध भएको स्थानमा खाता खोल्न लगाई लाभग्राहीको खातामार्फतनै रकम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । | |
| ३१. | **हातले नामावली थप गरी गरेको भुक्तानी :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७५ को दफा मा सामाजिक सुरक्षा वापत प्रदान गरिने भत्ता सुचना प्रणालीमा अद्यावधिक अभिलेख राखी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले वितरण गरेको समाजिक सुरक्षा भत्ता रकमको नमुना छनौट गरी परीक्षण गर्दा गाउँपालिकाको कम्प्युटरकृत सुचना प्रणालीमा तथ्याँक अद्यावधिक नगरी हातले नाम तथा नागरिकता नम्वर उल्लेख गरी देहाय अनुसार रु.४००० सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । | |

| नाम | वडा नं | भत्ताको किसिम | किस्ता | ना प्र नं | रकम |
|---|---|---|---|---|---|
| चेङालामु शेर्पा | ३ | विधवा | प्रथम | ६७१/१७१८ | ४,००० |
| | | | | जम्मा | ४००० |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३२. | **बढी भुक्तानी** :गो.भौ.नं १५० मिति २०७६।३।२० पालिकाले आइ.एण्ड डि.इनेभेटिभ सोलुसन प्रा.ली. लाई पत्रिकाको वार्षिक ग्राहक वापत रु १५००।०० भुक्तानी दिनुपर्नेमा रु १५,०००।०० भुक्तानी दिएको ले बढी भुक्तानी रु १३,५००।००असुल गर्नु पर्ने रु.... | १३,५००/- |
| | **पूँजीगत खर्च तर्फ** | |
| | **प्रदेश सरकार सशर्त अनुदान** | |
| ३३. | राङवुसा सामुदायिक भवन निर्माण कार्यकोलागि रु. ५७,०८,७६७।८९ को लागत अनुमान तयार गरी रु.७,०८,७६७।८९उपभोक्ता समितिको योगदान र रु. ५०,००,०००।०० गाउँपालिकाले खर्च व्यहोर्ने गरी राङवुसा सामुदायिक भवन निर्माण उपभोक्ता समितिसँग सम्झौता भए अनुसार गो.भौ.नं. ६।०७६।३।१९ बाट उक्त उपभोक्ता समितिलाई प्रथम रनिङ्गविल रु. ३४,२५,७०३।०० भुक्तानी दिएको छ। सो सम्वन्धमा निम्न व्यहोरा देखियो : | |
| ३३.१. | **वढी भुक्तानीः** निर्माण कार्यको रु.७,०८,७६७।८९ (१२.४१ प्रतिशत) उपभोक्ता समितिको योगदान र रु. ५०,००,०००।०० गाउँपालिकाले खर्च व्यहोर्ने गरी रु. ५७,०८,७६७।८९ को सम्झौता भएकोमा निर्माण कार्यको प्रथम विल रु. ३९,२४,०५८।४८ भुक्तानी दिदा उपभोक्ता समितिले व्यहोर्ने १२.४१ प्रतिशतले हुने रु. ४,८६,९७५।६५ कट्टा गरी हुन आउने रु. ३४,३७,०८२।८२ मा ३ प्रतिशतले हुने कन्टिन्जेन्सिज रु. १,०३,११२।०० कटाउँदा हुन आउने रु.३३,३३,९७०।०० भुक्तानी दिनु पर्नेमा रु.३४,२५,७०३।०० भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु.९१,७३३।०० असुल गर्नु पर्ने रु.. | ९१,७३३/- |
| ३३.२. | **कार्य सम्पन्न नभएको**: उपभोक्ता समितिसँग असारमसान्तसम्म रु. ५७,०८,७६७।८९ को कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु.३९,२४,०५८।४८ को मात्र कार्य सम्पन्न भएको देखियो । बाँकी कार्य सम्पन्न गराई प्रमाण पेश गर्नु पर्दछ रु... | १७,८४,७०९/- |
| | **सामाजिक विकास तर्फ** | |
| ३४. | **बाखा वितरण :** आर्थिक कार्यविधि नियमावली,२०६४को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं.४ अपाङ्गतर्फ सीपमूलक कार्यक्रम अन्तर्गत उक्त वडाका ८० जना सहभागिलाई १ दिने वाखापालन तालिम तथा १८ जना आपाङ्गता भएका व्यक्तीलाई उन्नत जातका बाखा वितरण गरेको भनि अपाङ्ग समिति फुल्पिङकट्टीलाई रु २,९१,०००।०० भुक्तानी गरेको छ । उक्त खर्च मध्ये रु १,८०,०००।०० का | |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | १८ वटा बाख्रा खरिद गरी १८जना अपाङ्ग व्यक्तिलाई १/१ वटा बाख्रा उपलब्ध गराएको देखिन्छ । अपाङ्गता भएका व्यक्तिका लागि बाख्रा वितरण गरेको देखाएता पनि के कुन आधारमा ती १८ जना व्यक्ति छनोट गरिएको हो सो खुलाइएको छैन । त्यस्तै बाख्रा प्राप्त गर्ने आपाङ्ग व्यक्तिहरुको अपाङ्गता प्रमाणपत्र समेत स्रेस्तासाथ संलग्न नभएकोले उक्त समितिले वास्तविक आपाङ्गहरुलाई नै बाख्रा वितरण गरेको हो भन्ने यकिन गर्न सकिएन । तसर्थ बाख्रा प्राप्त गर्ने व्यक्तिहरु छनोटको आधार तथा आपाङ्गता प्रमाणपत्र समेत पेश हुनुपर्ने रु........ | १,८०,०००/- |
| ३५. | **योजना अनुगमनः** पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्पन्न भएका योजनाहरुको अनुगमन गरी भुक्तानिका लागि सिफरिस गर्न उपाध्यक्षको संयोजकत्वमा एक समिति गठन भएको छ । उक्त समितिले यस बर्ष सम्पन्न भएका योजनाहरुको अनुगमन गर्दा अनुगमनबाट देखिएका व्यहोराहरु र तिनमा गर्नुपर्ने सुधारहरु बारेमा कुनै कुरा उल्लेख नगरी केवल भुक्तानिका लागि सिफारिस गरेको देखियो । अनुगमनबाट देखिएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने कुराहरु स्पष्ट गरीमात्र भुक्तानिका लागि सिफारिस गर्नुपर्ने देखिन्छ । | |
| ३६. | **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र माग गरी खरिद गर्न सक्ने व्यबस्था छ । यस बर्ष पालिकाको स्वीकृत कार्यक्रम अनुसार न्यायिक समिति पुर्वाधार कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरेकोमा कार्यालयले देहाय बमोजिम २ पटक खुला कोटेशन माग गरी रु९,५७,३०२।०० को फर्निचर लगायतका सामान सोझै खरिद गरेकोलेअनियमित देखिएको रु. | ९,५७,३०२/- |

| गो भौ नं/मिति | विवरण | आपूर्तक | भुक्तानि रकम |
|---|---|---|---|
| ४/२०७६/१/२४ | स्टील दराज लगायतका विभिन्न ८ प्रकारका सामान | आचार्य ट्रेड लिंक | ४,६६,८८२/- |
| ८/२०७६/३/२० | हेभी कुर्सी लगायतका विभिन्न ८ प्रकारका फर्निचर जन्य सामान | लाइफ खिष्टियनमिशन फर्निचर प्रा लि | ४,९०,४२०/- |
| | | **जम्मा** | ९,५७,३०२/- |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **सशर्त अनुदानस्वास्थ्य तर्फ** | |
| ३७. | **अधुरो निर्माण कार्यः** वडा नं ३ मा सुमित्रा स्वास्थ्य चौकी भवन निर्माणको लागि क्रमागत बजेटको रुपमा यो वर्ष ४० प्रतिशतले हुने रु बजेट विनियोजन भएकोमा सोहि अनुसार प्राविधिकबाट रु.१४,५९,६७२। को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.१४,५२,३९३। को कार्यसम्पन्न प्रतिवेदन तयार गरी कार्यालयले रु १२,६१,०००।- भुक्तानी खर्च लेखेको देखियो । कार्यालय भवन निर्माणको कार्य पुरा गर्न लाग्ने लागत अनुमान तयार गरी कार्य शुरु नगरेकोले भवन निर्माण सम्पन्न नभइअधुरो रहेको देखियो । अधुरो रहेको भवन निर्माण कार्यले योजनाको उद्देश्य पुरा नहुने हुँदा योजना सम्पन्न हुनेगरी लागत अनुमान तयार गरी सोही अनुसारको सम्झौता गरेर निर्माण कार्य शुरु गरी कार्य सम्पन्न हुनुपर्दछ । | |
| ३८. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस गाउँपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ५ वटा वडाहरुमा सडक बाटो, सडक नाला, सिंडी निर्माण मर्मत कार्य लगायतका ५ वटा कार्यक्रम संचालन गरी १४० जना लक्षित वर्गलाई १५ दिन देखि १ महिना सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला वापत रु २५,००,०००। र प्रशासनिक र अन्य समेत रु ३,३९,७६४।- समेत जम्मा रु २८,३९,७६४। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गले अल्पकालिन रोजगारी सृजना भएतापनि उक्त खर्चवाट कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन । त्यसैले दिर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | |
| | **आन्तरिक आयतर्फ** | |
| ३९. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय | |

**कार्यालय:** **भोटेकोशी गाउँपालिका, फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक राजस्व आय | आन्तरिक राजस्व प्रतिशत |
|---|---|---|
| २७,१८,२६,४८५ | २४,४८,४९९ | ०।९० प्रतिशत |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९० प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्न गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४०. **आम्दानी अभिलेख:**गाउँपालिकाले वडाबाट सँकलन गरिएको राजस्व लगायत प्राप्त हुनपर्ने सवै आय समयमै प्राप्त गरी गोश्वारा भौचर समेत उठाई आम्दानी बाध्नु पर्दछ । गाउँपालिकाले वडाले बैकमा जम्मा गरेको रकमको आधारमा आम्दानी जनाउने गरेको भए तापनि अनुगमन गरी वडाबाट उठाएको आय गाउँपालिकामा प्राप्त भए नभएको सम्वन्धमा अनुगमन गरेको देखिएन । वडाले सँकलन गरेको आय समय समयमा प्राप्त भए नभएको अनुगमन गरी वडाबाट प्राप्त आय र आन्तरिक अभिलेख भिडान गरी प्राप्त हुनु पर्ने सम्पूर्ण आय प्राप्त भई दाखिला भएको सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४१. **स्थलगत निरीक्षण:** गाउँपालिकाले वडा नं २ मा यो वर्ष रु.७,७८,०००।०० को लागतमा सामुदायिकस्वास्थ्यचौकी भवन निर्माणको लागिउपभोँक्ता समितिसँग सम्झौता भए अनुसारसो कार्य सम्पन्न भएको प्रतिवेदन समेत तयार गरी रु.७,००,०००।०० भुक्तानी दिएको देखियो । क्रमागत रुपमा कार्य सम्पन्न गर्ने गरी यो वर्ष स्वास्थ्यचौकीको आँशिक कामकोमात्र लागत अनुमान तयार गरेको र त्यति नै कार्यको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखियो । आँशिकमात्र कार्य भएको उक्त स्वास्थ्य चौकी भवनको लागि यो वर्ष बजेट विनियोजन समेत भएको देखिएन । आँशिक कार्यको लागत अनुमान गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको भएता पनि उक्त भवन निर्माण अधुरो रहेको र बाँकी कार्यको लागि वजेट व्यवस्था समेत नभएकोले उक्त भवन निर्माणमा गरेको लगानी उपयोग विहिन देखिएको छ । निर्माण कार्य सम्पन्न गराई भवन उद्देश्य अनुसार उपयोग हुने व्यवस्था मिलाउनु पर्दछ ।





४२. **सम्परीक्षण:** गाउँपालिकाले आ.व. २०७४।७५ को देहायअनुसारको वेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि पेश गरेको मध्ये देहायका वेरुजूहरु सम्परीक्षण गरिएको छ:

| दफा | व्यहोरा | फर्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| ४३ | न्यानो झोला खरिद | प्रमाण पेश भएको | ९७,०००/- |
| ४४ | प्रसुती प्रोत्साहन रकम | प्रमाण पेश | ४८,०००/ |
| | | जम्मा | १,४५,००० |

अनुसूची-१

## भोटेकोशी गाउँपालिकाको स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५.९) |
| भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | ४००९६ | ११०७६३ | १३१४१९ | १००४७५ | ३४२६५७ | १५२२३३ | १२९३३३ | १४७९७ | २९६३६३ | ८६३९० |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ४२ | २५ | १३०३० | ० | १७ | ५२९३ | ४२ | ८ | ७७३७ | ३७६ | २४८६ | ४८७५ | ० | ० | ७३६१ | ० | ० | ० |

अनुसुचि- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७६।७७

| जिल्ला | स्थानिय तह | गत वर्ष सम्मको वांकी | यो वर्ष फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षणबाट कायम भएको बेरुजु | यो वर्षको वेरुजु | कुल बांकी वेरुजु |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ (१-२) | ३ | ५ | ६ (३+४+५) |
| सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ११६१८९ | १४५ | ११६०४४ | ० | ७७३७ | १२३७८१ |